सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ९ ♦ अंक २७० ♦ २०८३ साल जेष्ठ ३१ आइतवार ♦ 14 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# रिंकु कुमारी मृत्यु प्रकरण : श्रीमान पक्राउ, कानुन बमोजिम दोषिलाई कार्वाही गर्ने सहमती पछि शब उठाइयो, स्थिती सामान्य हुँदै





**अजयकुमार साह**

**जेष्ठ ३० गते, बर्दिवास**

रिंकु कुमारी मृत्यु प्रकरणले शुक्रबार रातिदेखि तनावग्रस्त बनेको बर्दिबास नगरपालिका-१२, विजलपुरा क्षेत्र श्रीमान शशी सिंहलाई पक्राउ र दोषीलाई कानुन बमोजिम कार्वाही गर्ने सहमती पछि साम्य भएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार शुक्रबार करिब ८ बजे डाँडाटोल निवासी शशी सिंहकी २५ वर्षीया श्रीमती रिङ्कुमारी सिंह आफ्नै दुईतले पक्की घरको सुत्ने कोठामा सिलिङ फ्यानमा सलको पासो लगाएको अवस्थामा मृत फेला परेकी थिइन् । रिंकी मृत्युको जानकारी पाएलगत्तै गौशाला नगरपालिका-११ कान्तिबजार माइतीघर भएको माइतीपक्षका मानिसहरु घटनास्थल पुगेर ससुरा रामबाबु सिंह, श्रीमान् शशी सिंह र सासुलाई पक्राउ गर्न माग गर्दै विरोध प्रदर्शन गरेका थिए। माइती पक्षको विरोधमा स्थानीयसमेतले सहयोग गरेपछि स्थिति तनावग्रस्त बनेको थियो। माइतीपक्ष सहितका आक्रोशित भिडले ससुरा रामबाबु सिंहको घरमा रहेको प्र.०४-००१ च. ०३१० नम्बरको कारमा आगजनी गर्नुको साथै एउटा स्कुटर र एउटा मोटरसाइकमा तोडफोड गरेको तथा दुई तले घरमा ढुङ्गामुढा गरेका थिए। आक्रोशित समूहले घरभित्र प्रवेश गरी तोडफोड गर्नुका साथै विभिन्न सरसामान बाहिर निकालेर फाल्नुका साथै घरका सामग्रीमा क्षति पुर्‍याएको छन्।

घटनापछि स्थिति नियन्त्रणमा लिन ठुलो संख्यामा प्रहरी परिचालन गरिएको थियो। सो क्रममा केही समय स्थानीय र प्रहरीसबिच तनावसमेत सिर्जना भएको थियो। मध्यरातसम्म तनावको अवस्था रहे पनि प्रहरीले सुरक्षा घेरा बढाएर स्थिति नियन्त्रणमा लिएको थियो ।

त्यसपछि पुनः शनिवार विहान भीडले प्रदर्शन गर्न थालेपछि स्थिती झन तनावग्रस्त बनेको थियो ।

अवस्था थप तनावपूर्ण बनेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गर्नुपरेको थियो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) पञ्चलाल गोलेकाका अनुसार शनिबार बिहान अवस्था थप तनावपूर्ण बनेपछि करिब १० बजे प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेका थिए ।

डीएसपी गोलेले घटनास्थलमा तोडफोड र अराजकता बढेपछि प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेको बताउनुभयो। उहाँले भन्नुभयो, “अहिले बिजलपुराको अवस्था सामान्य भएको छ। ”

महोत्तरी क्षेन नं १ का सांसद प्रमोद कुमार महतो , वर्दिवास नगरपालिका मेयर प्रहलाद कुमार क्षेत्री लगायतका जनप्रतिनिधिहरु पुगेर आक्रोशित समुहलाई सम्झाइ बुझाइ निश्पक्ष हिसाबले छानबीन गरी दोषिलाई कानुन बमोजिम कार्वाही गरिने सहमती गराएपछि स्थिती नियन्त्रणमा लिइ अहिले अवस्था सामान्य भएको डीएसपी गोलेले बताउनुभयो ।

मृतक रिंकु गौशाला नगरपालिका-११ कान्तिबजार परियाकी हुन्। उनको करिब पाँच वर्षअघि बर्दिवास-१२ बिजलपुराका शशी महतोसँग सामाजिक परम्परा अनुसार विवाह भएको थियो। तर

शशी महतोले करिब एक वर्षअघि लुकीछिपी दोस्रो विवाह गरेका थिए। दोस्रो श्रीमतीलाई घरबाहिर अन्यत्र लुकीछिपी राखिएको विषयलाई लिएर रिंकु र उनका श्रीमानबीच पटक-पटक विवाद हुने गरेको बताइएको छ।

स्थानीयका अनुसार मृतक रिंकुलाई वर्षदिनअघि श्रीमान् शशी सिंहले लुकीछिपी दोस्रो विवाह गरेपछि मानसिक तथा शारीरिक यातना दिँदै आएको आरोप छ। यही कारण परिवारमा विवाद र कलह बढेको तथा विरोध गर्दा हत्या गरिएको माइती पक्षको आरोप छ।

यता अहिले अनुसन्धानको लागि रिंकुको श्रीमान शशीलाई पक्राउ गरिएको छ भने प्रकृति मुचुल्का उठाइ शवलाई पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ।

प्रहरीले शान्ति सुरक्षा कायम गर्न निगरानी बढाएको छ भने मृतक महिलाको मृत्यु आत्महत्या हो वा अन्य कुनै कारणले भएको हो भन्ने विषयमा प्रहरीले सबै कोणबाट अनुसन्धान गरिरहेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहेका डीएसपी पञ्चलाल गोलेले घटनाबारे थप अनुसन्धान भइरहेको र मृत्युको वास्तविक कारण पोष्टमार्टम रिपोर्ट र थप अनुसन्धानबाट खुल्ने बताउनुभयो ।


शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# काँग्रेसलाई एकताका साथ बढाउनुको कुनै विकल्प छैन : काँग्रेस नेता निधि




खबर दर्पण समाचारदाता

**जेष्ठ ३० गते, जनकपुरधाम**

नेपाली काँग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिले नेपाली काँग्रेसलाई एकताका साथ अगाडी बढाउनुको कुनै विकल्प नभएको बताउनु भएको छ ।

काँग्रेसका नेता निधिले पार्टीको मधेश प्रदेश स्तरीय कार्यकर्ता भेलाको आज जनकपुरधामको महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवनमा उद्घाटन गर्दै सो कुरा बताउनु भएको हो । उहाँले विशेष महाधिवेशन तथा नियमित महाधिवेशन पक्षधर मिलेर अगाडी बढ्न जरुरी रहेको बताउँदै १५ औँ महाधिवेशनलाई सफल र एकताको महाधिवेशन बनाउन क्रियाशील सदस्यतालाई विवादको विषय बनाउन नहुने बताउनु भयो ।

पूर्व उपप्रधानमन्त्री समेत रहनु भएका नेता निधिले नेपाली काँग्रेस कमजोर भएको खण्डमा यसको नकारात्मक असर अगामी स्थानीय तथा प्रदेश सभाको चुनावमा पर्ने भएका पार्टीका दुवै पक्षधरका बीचमा एकता गरेर अगाडी बढ्नुको कुनै विकल्प नभएको बताउनु भयो ।

प्रदेश स्तरीय कार्यकर्ता भेलाका संयोजक आनन्दप्रसाद ढुङ्गानाले अध्यक्षको आसनबाट बोल्दै नेपाली काँग्रेस कुनै पनि हालतमा नफुट्ने बताउँदै काँग्रेस फुटे लोकतन्त्र कमजोर बन्ने भएको बताउनु भयो ।

मधेश प्रदेशका आठ जिल्लाका नेता तथा कार्यकर्ताहरूको ठूलो सङ्ख्यामा सहभागिता रहेको थियो ।

भेलामा सहभागी भएका पर्सा तथा बारा जिल्लाका नेता तथा कार्यकर्ताहरूले गत प्रतिनिधि सभाको चुनावमा काँग्रेसको हालत अहिलेको अवस्थामा आउनुको प्रमुख दोषीको रुपमा विशेष महाधिवेशन पक्षधर र विशेष महाधिवेशनबाट निर्वाचित पार्टी सभापति गगन थापा भएको गुनासो गर्नु भएको थियो ।

यसै बीच प्रदेश स्तरीय भेलाबाट यस अघि नै सदस्यता नवीकरण गरिसकेकाहरूलाई पुन: सदस्यता नवीकरण गर्न जरुरी नभएको ठहर गरेको छ। यसका साथै पार्टीलाई अगामी १५ औँ नियमित महाधिवेशनमा एकताका साथ अगाडी बढाउने निर्णय पनि भएको भेलामा सहभागी भएका काँग्रेसका पुराना नेता महेश रोशनले जानकारी दिनु भएको छ ।

सदस्यता नवीकरणको बहानामा कुनै पनि पुराना सदस्य तथा नेता माथि कारबाही स्वीकार्य नहुने पनि भेलाले निर्णय गरेको छ ।

# अन्तर्राष्ट्रिय ख्याति प्राप्त नेपाली सेफ सन्तोषकुमार साह पक्राउ



खबर दर्पण समाचारदाता

**जेष्ठ ३० गते, जनकपुरधाम**

अन्तर्राष्ट्रियस्तर मा नै नेपाली खानाको पहिचान विस्तार गर्दै ख्याति कमाउनुभएका नेपाली सेफ सन्तोषकुमार साह बैंकिङ कसुर तथा ठगीसम्बन्धी आरोपमा पक्राउ पर्नुभएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले उहाँलाई शुक्रबार राति धनुषाको जनकपुर उपमहानगरपालिका-८, रामानन्द चोकबाट नियन्त्रणमा लिएको हो।

गौरीधारास्थित एक रेस्टुरेन्ट खरिद गर्ने क्रममा बैंकिङ कसुर तथा ठगी गरेको आरोपमा साहविरुद्ध उजुरी परेको प्रहरीले जनाएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सन्तोष खड्काका अनुसार सकुन्तला अधिकारी (थापा) को जाहेरीका आधारमा नेपाल सरकार वादी रहेको ठगीसम्बन्धी कसुर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति जारी भएको थियो।

अदालतको अनुमतिपछि फरार रहनुभएका ४१ वर्षीय साहलाई प्रहरीले जनकपुरबाट पक्राउ गरेको हो। सोही मुद्दामा संलग्न रहेको आरोपमा सिरहाको कर्जन्हा नगरपालिका-९ निवासी ५८ वर्षीय नारायण साह सुडीलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ।

पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि काठमाडौं जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको छ। सार्वजनिक बिदाका कारण उहाँलाई सोमबार मात्र अदालतमा उपस्थित गराउने प्रहरीको तयारी रहेको छ।

सिरहाको कर्जन्हामा जन्मिनुभएका साहले विश्वभर नेपाली खानाको प्रवर्द्धन गर्दै अन्तर्राष्ट्रिय पहिचान बनाउनुभएको छ। उहाँ सन् २०२० मा बीबीसीको चर्चित कार्यक्रम 'मास्टरसेफः द प्रोफेशनल्स' मा पहिलो रनर अप बन्नुभएको थियो भने सन् २०२१ मा 'मास्टरसेफः द प्रोफेशनल्स रिम्याच' को उपाधि जितेर थप चर्चामा आउनुभएको थियो।

साहले जनकपुर र काठमाडौंमा पनि मिथिला थाली नामक रेस्टुरेन्ट सञ्चालनमा ल्याएका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# सदाचार, सेवा र सनातन संस्कृतिको संरक्षण गर्ने प्रतिबद्धतासहित पीठाधीश हुमागाईंको पशुपति विकास कोषको सदस्य सचिवमा आवेदन



कलाकारिता र पत्रकारिता क्षेत्रबाट उदाएर नेपालको राष्ट्र, राष्ट्रियता, कला, धर्म-संस्कार र संस्कृतिको संरक्षण अभियानमा सक्रिय रहँदै आउनुभएका कालाग्निरुद्रपीठ लड्केश्वर धामका पीठाधीश श्री मुकुन्द शर्मा हुमागाईंले पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदका लागि आफ्नो दरिलो उम्मेदवारी प्रस्तुत गर्नुभएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आव्हान गरेको रोष्टरमा उहाँले पशुपति क्षेत्रको आमूल सुधार र रूपान्तरणका लागि स्पष्ट प्रतिबद्धता र कार्ययोजनासहित आवेदन दिनुभएको हो ।

नेपाल सरकारको ढड्डामा उल्लेख भएर पनि ओझेलमा परेको काभ्रेको खोपासीस्थित श्री नरसिंह मठको संरक्षण, सम्वर्धन र प्रवर्धनका लागि आयोजित एक महिने अनुष्ठानमा बोल्दै पीठाधीश हुमागाईंले पशुपतिनाथ क्षेत्रमा 'लिच्चड' हरूलाई विकास कोष हाँक्ने जिम्मा नदिन सरकारलाई सुझाव र आग्रह गर्नुभएको छ । उहाँले साधक, शिवतत्व बुझेको र राष्ट्रलाई केही योगदान दिन सक्ने स्वच्छ छविको व्यक्तिलाई मात्र कोषको नेतृत्व सुम्पन आग्रह गर्दै, त्यस्तो व्यक्ति नभेटिए आफ्नो पूर्वकार्य हेरेर अवसर दिन सरकारलाई खुला चुनौती समेत दिनुभएको छ ।

पीठाधीश हुमागाईंले टेलिभिजन कार्यक्रमको माध्यमबाट देशैभर का भक्तजनहरूको सहभागिता जुटाएर विश्वकै अग्लो त्रिशूल निर्माण गरिसक्नुभएको छ भने पूर्वराजा, राष्ट्रपति देखि ७७ वटै जिल्लाका भक्तहरूको उपस्थितिमा भव्य राष्ट्रिय कोटिहोम समेत सम्पन्न गराई आफ्नो कुशल व्यवस्थापकीय क्षमता प्रमाणित गरि सक्नुभएको छ ।

सदस्य सचिव पदमा नियुक्त भएमा आफूले कोषबाट कुनै पनि किसिमको तलब, भत्ता, वा गाडी सुविधा (शिवस्व) नलिने घोषणा गर्दै उहाँले अघि सार्नुभएका मुख्य प्रतिबद्धताहरू यस प्रकार छन् :

**पशुपतिनाथबाटै सदाचार र भ्रष्टाचारमुक्त अभियान :**
विगतमा राजनीतिक तहबाट भएका सुनको जलहरी काण्ड जस्ता विभिन्न आर्थिक अनियमितताका कारण पशुपतिनाथको बदनाम भएको उल्लेख गर्दै उहाँले कोषमा कडा आर्थिक अनुशासन र पूर्ण पारदर्शिता कायम गर्ने संकल्प गर्नुभएको छ । देशका उच्च पदस्थ व्यक्तित्वहरूलाई पशुपतिनाथमा सामूहिक शपथ ग्रहण गराउने र भेटीघाटीको रकम केवल परोपकार तथा धार्मिक-सामाजिक विकासमा मात्र खर्च गर्ने उहाँको योजना छ ।

**पूजा व्यवस्थापन र शुद्धता :**
पाशुपत क्षेत्रका सम्पूर्ण मन्दिर र पीठहरूमा परम्परागत नित्य तथा पर्व पूजालाई विधिपूर्वक सञ्चालन गरिनेछ । श्री पशुपतिनाथको अभिषेकका लागि वाग्मतीको उद्गमस्थल (वागद्वार/सुन्दरीजल) बाट सिधै पाइपलाइन वा ट्याङ्करमार्फत शुद्ध र पवित्र जल ल्याइनेछ भने पञ्चामृत (दूध, दही, घिउ, मह, सखर) को दैनिक गुणस्तर पर ीक्षण गरिनेछ । ओमकार परिवारका दर्शनार्थीहरूलाई बिनाकुनै र ङ्भेद पालैपालो दर्शन गर्ने र नित्य दर्शनार्थीहरूका लागि परि चयपत्रको व्यवस्था मिलाइनेछ ।

**आर्थिक तथा नीतिगत सुधार र आत्मनिर्भरता :**
आगामी ३ वर्षभित्र विकास कोषलाई सरकारी बजेटमा निर्भर र हनु नपर्ने गरी विकास बजेटमा पूर्ण रूपमा आत्मनिर्भर बनाइनेछ । कोषका धर्मशाला, पसल र जमिनहरूलाई सार्वजनिक सूचना जारी गरी बढाबढ बोलकबोल (टेण्डर) मार्फत मात्र भाडामा लगाइनेछ । अनधिकृत असुली र भक्तजन ठगिने क्रम पूर्ण रूपमा रोकिनेछ ।

**भौतिक पुनर्निर्माण र सम्पदा संरक्षण :**
भग्नावशेष अवस्थामा रहेका शिवालय र देवालयहरूलाई पुर ातत्त्व विभाग र विश्व सम्पदा क्षेत्रको मापदण्ड अनुसार प्राचीन स्वरूपमै पुनर्निर्माण गरिनेछ । वर्षौंदेखि बन्द रहेको वनकाली धर्मशाला र अन्य प्रयोगविहीन सत्तलहरूलाई मर्मत गरी पुनः सञ्चालनमा ल्याइनेछ । विगतमा शक्तिकेन्द्रको बलमा कब्जा गरि एका गुठी जग्गाहरूको खोजी गरी कोष मातहत ल्याइनेछ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले लिएको गौचरनको जग्गाको क्षतिपूर्तिबारे अध्ययन गरी संवादमार्फत समाधान निकालिनेछ ।

**व्यवस्थित घाट तथा किरियापुत्री सेवा :**
आर्यघाट, भष्मेश्वर र विद्युतीय घाटलाई सेवाग्राहीमैत्री बनाइनेछ । गरिब, असहाय र विपन्नहरूका लागि निःशुल्क शवदाह र काजकिरियाको व्यवस्था मिलाइनेछ । सनातन धर्म परित्याग गरेका (विधर्मी) हरूलाई श्लेष्मान्तक वन क्षेत्रमा भूसमाधि गर्न पूर्ण रोक लगाइनेछ।

**अन्तर्राष्ट्रिय सम्बन्ध र धार्मिक पर्यटन :**
विश्वभरका हिन्दू तथा गैरआवासीय नेपाली (ल्ल्ल) हरूलाई जीवनमा कम्तीमा एक पटक पशुपतिनाथको दर्शन गर्न प्रेरित गर्ने गरी अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गरिनेछ । संसारभर पशुपतिनाथ समन्वय समिति गठन गरी 'श्री पशुपतिनाथ सेवा सहयोग विश्व कोष' खडा गरिनेछ । साथै, देश बाहिर रहेका भक्तजनहरूका लागि अनलाइन पूजा, डिजिटल भेटी र कुरियरमार्फत रुद्राक्ष-प्रसाद पठाउने प्रविधिको विकास गरिनेछ ।

**बृहत् शैक्षिक, सामाजिक तथा जीव कल्याणकारी योजना :**
कोषकै व्यवस्थापनमा 'श्री पशुपति सनातन हिन्दू विश्वविद्यालय' र गरिब नागरिकको उपचारका लागि 'श्री पशुपतिनाथ आयुर्वेद चिकित्सालय' स्थापना गरिनेछ । हाल सञ्चालित वनकाली वेद विद्याश्रमको क्षमता विस्तार गरी १,००० जना बटुकहरूका लागि निःशुल्क आवासीय शिक्षाको व्यवस्था मिलाइनेछ । पाशुपत क्षेत्रका बाँदर, मृग, नन्दी तथा गाईवस्तुको उपचारका लागि पशु चिकित्सकसहितको क्लिनिक र रैथाने गाईहरूको संरक्षणका लागि विशेष गौशाला सञ्चालन गरिनेछ ।

**हाम्रो लक्ष्य र नारा :**
पीठाधीश हुमागाईंले "भ्रष्टाचारमुक्त, आध्यात्मिक, समृद्ध, व्यवस्थित र विश्व हिन्दू समाजको गौरवपूर्ण केन्द्रका रूपमा श्री पशुपतिनाथ तथा पाशुपत क्षेत्रको विकास" गर्ने मुख्य लक्ष्य राख्नुभएको छ । उहाँले "सदाचार, सेवा र सनातन संस्कृतिको संरक्षण - समृद्ध पशुपति, गौरवशाली नेपाल" भन्ने नाराका साथ पशुपति क्षेत्रको गरिमालाई विश्वस्तरमा पुऱ्याउने दृढता व्यक्त गर्नुभएको छ ।

-प्रस्तुती : जिवनराज दाहाल

# धनुषा जिल्ला क्रिकेट संघको नयाँ कार्यसमिति चयन

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ३० गते, जनकपुरधाम**

धनुषा जिल्ला क्रिकेट संघको साधारण सभाबाट शोभाकान्त पाण्डेको अध्यक्षतामा १३ सदस्यीय नयाँ जिल्ला कार्यसमिति चयन भएको छ। संघको साधारण सभाले आकाश पाण्डेलाई उपाध्यक्ष, आशीषकुमार झालाई सचिव तथा सचिन सिंहलाई कोषाध्यक्ष पदमा निर्वाचित गरेको छ। यसैगरी कार्यसमिति सदस्यहरूमा नवीनकुमार सिंह, लाला गुणवन्त बहादुर सिंह, सरोजकुमार मिश्र, कुमार प्रशुन, चन्दनकुमार झा, धर्मेन्द्र ठाकुर , अभिषेक झा, संयोग कर्ण र प्रह्लादप्रसाद साह चयन हुनुभएको छ।




नवनिर्वाचित कार्यसमितिले धनुषा जिल्लामा क्रिकेट खेलको विकास, प्रतिभावान खेलाडीको उत्पादन, प्रतियोगिताहरूको प्रभावकारी आयोजना तथा युवाहरूमा क्रिकेटप्रतिको आकर्षण अभिवृद्धि गर्ने उद्देश्यसहित कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। संघका पदाधिकारीहरूले धनुषा जिल्लामा क्रिकेट खेलको सम्भावना प्रशस्त रहेको उल्लेख गर्दै खेलकुद पूर्वाधारको विस्तार तथा प्रतिभावान खेलाडीहरूलाई उचित अवसर प्रदान गर्न विशेष पहल गरिने बताउनुभएको छ। नयाँ कार्यसमिति चयनसँगै धनुषा जिल्लामा क्रिकेटसम्बन्धी गतिविधिहरू थप व्यवस्थित, प्रभावकारी र गतिशील बन्ने विश्वास गरिएको छ।

# ट्रान्सफर्मर चोरी गर्न प्रयोग भएको कार बरामद



खबर दर्पण समाचारदाता

**जेष्ठ ३० गते, बर्दिवास**

धनुषाको धनुषाधाम नगरपालिका-५, नौ सय बिघा क्षेत्रमा विद्युतीय ट्रान्सफर्मर चोरीको घटना प्रयोग भएको आशङ्कमा प्रहरीले भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा लिएको छ ।

शुक्रबार राति १ बजे बीआर ०१ इके ४०२४ नम्बरको कार नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय उमाप्रेमपुरका इन्चार्ज अजयकुमार झाले बताउनुभयो ।

उहाँले खेत सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरीको प्रयास भएको जानकारी दिनुभयो । उहाँका अनुसार राति नियमित गस्तीको क्रममा सिँचाइका लागि प्रयोग गरिएको ट्रान्सफर्मर पोलबाट तल खसालिएको अवस्थामा भेटिएको थियो ।

चोरी गर्ने नियतले ट्रान्सफर्मर तल झारेको हुनसक्ने अनुमान गरेर चोरीमा संलग्न व्यक्तिको खोजतलास गर्नेक्रममा घटनास्थल नजिकै बेवारिसे अवस्थामा भारतीय नम्बर प्लेटको कारलाई भेटिएको प्रहरी इन्चार्ज झाले बताउनुभयो।

उहाँले नियन्त्रणमा लिएर जाँचगर्दा ट्रान्सफर्मर चोरीमा प्रयोग हुने सामग्री बरामद भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार कारको डिक्कीबाट ट्रान्सफर्मरभित्र प्रयोग हुने तामाको तार, ट्रान्सफर्मरको तेल, काठका टुक्रा तथा ट्रान्सफर्मर खोल्न प्रयोग गरिने विभिन्न साइजका औजार फेला परेको छ ।

त्यसैगरी कारभित्र एनटिसी सिम भएको मोबाइल फोन, विक्कीकुमार साह सोनार नामको सवारी चालक अनुमतिपत्र र विभिन्न मितिका भन्सारसम्बन्धी कागजातसमेत फेला परेको उहाँको भनाइ छ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४।०५।१२ मा दर्ता भएको प्रा.लि.नं.१७४०३० भएको रक्तकाली कन्स्टूक्सन एण्ड म्यानेजमेन्ट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०२।१३ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

# 'उडान' कक्षाले बदल्यो किशोर-किशोरीको जीवन, विद्यालय फर्किने क्रम बढ्दो



खबर दर्पण समाचारदाता

**जेष्ठ ३० गते, बर्दिवास**

सिरहाका विभिन्न स्थानीय तहमा सञ्चालन भइरहेको बालिका शिक्षा तथा सशक्तीकरण कार्यक्रमअन्तर्गतको 'उडान' कक्षाले विद्यालय छाडेका किशोर-किशोरीलाई पुनः शिक्षाको मूलधारमा ल्याउन उल्लेखनीय भूमिका खेलेको पाइएको छ । शुक्रबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सिकाइ आदान-प्रदान कार्यशालामा सहभागीहरूले सामाजिक विश्लेषण र कार्य प्याकेज कार्यान्वयनमार्फत समुदायमा सकारात्मक परिवर्तन देखिएको बताएका हुन् ।

शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशको सहकार्यमा केयर नेपालद्वारा आयोजित कार्यक्रममा परियोजनाबाट प्राप्त अनुभव, उपलब्धि र सिकाइ बारे छलफल गरिएको थियो । समग्र जनउत्थान केन्द्र, लहानका कार्यकारी निर्देशक अनिता चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केयर नेपालका शिक्षा तथा सीप विकास लिडर रविन्द्र कुमालले परियोजनाको उद्देश्य, सामाजिक विश्लेषणको प्रक्रिया तथा कार्यान्वयनका उपलब्धिबारे प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यशालामा खेलकुद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिल कुमार साहले अझै पहुँचबाट टाढा रहेका समुदायलाई कार्यक्रमको दायरामा ल्याउनुपर्नेमा जोड दिए। उहाँले शिक्षा र सशक्तीकरणका कार्यक्रम सबै वर्ग र समुदायसम्म पुग्न आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रममा नरहा गाउँपालिकाका अध्यक्ष रामप्रमोद यादव, उपाध्यक्ष गुलाबदेवी चौधरी, धनगढीमाई नगरपालिकाका उपप्रमुख संगिता चौधरी, भगवानपुर गाउँपालिकाका उपाध्यक्ष रेखा यादव, वडाध्यक्षहरु संजना सिंह, संजय यादव, शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक उद्धव राय यादव, शिक्षा तथा संस्कृति मन्त्रालयका किशोरी कापर लगायतकाले मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा सिरहाको भगवानपुर गाउँपालिकाकी नीति कुमारी पासवानले 'उडान' कक्षाको सहायताले पुनः विद्यालय फर्किन सफल भएको अनुभव सुनाइन् । कक्षा २ पछि पढाइ छाडेकी उनले ११ महिनाको वैकल्पिक अध्ययनपछि सिधै कक्षा ७ मा भर्ना भएर हाल कक्षा १० मा अध्ययन गरि रहेकी छन् । कक्षा ८ को बोर्ड परीक्षामा चार जीपीए हासिल गरेकी नितुले अहिले परिवारबाट समेत पूर्ण साथ पाएको बताइन् ।

यस्तै, नरहा गाउँपालिकाकी पूजा यादव, सखुवा नन्कारकट्टी गाउँपालिकाकी रबिना पासवान तथा नितिश कुमार महतोले पनि 'उडान' कक्षामा सहभागी भएपछि विद्यालयमा पुनः भर्ना भई नियमित अध्ययन गरिरहेको अनुभव साझा गरे। उनीहरूले शिक्षा प्राप्तिका अवसर विस्तार सँगै लैङ्गिक विभेद अन्त्य गर्नुपर्ने आवश्यकता औँल्याए ।केयर नेपालका कार्यक्रम अधिकृत इन्दिरा थापाका अनुसार परियोजनामार्फत विद्यालय बाहिर रहेका धेरै किशोर-किशोरी पुनः अध्ययनमा फर्किएका छन्।

उक्त कार्यक्रम सिरहाको धनगढीमाई नगरपालिका, भगवानपुर गाउँपालिका, नरहा गाउँपालिका र सखुवा नन्कारकट्टी गाउँपालिकामा सञ्चालन भएको छ। परियोजना संयोजक देवकुमार महतोले संचालन गर्नुभएको उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षा क्षेत्रका अधिकारी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यशालामा सामाजिक विश्लेषण र कार्य प्याकेजको प्रभावकारी कार्यान्वयनले समावेशी विकास, पारदर्शिता र दीगो परिणाम हासिल गर्न सहयोग पुगेको निष्कर्ष निकाल्दै आगामी कार्यक्रमलाई अझ लक्षित र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,